# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKOTA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXV YEAR OF OUR LORD JESUS CHRIST, 2025 APRIL No. 04


### पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

**मर्कूस १६:९-१६**

९. हप्ताको पहिलो दिनको बिहानै उहाँ जीवित भई उठ्नुभएपछि उहाँ पहिले मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो। तिनीबाट येशूले सात वटा भूतहरू निकाल्नुभएको थियो।

१०. मरियमले गएर उहाँका चेलाहरूलाई यो खबर दिइन्। तिनीहरू विलाप गर्दै रोइरहेका थिए।

११. तर जब येशू जीवित हुनुभयो र मरियमकहाँ देखा पर्नुभयो भन्ने कुरा तिनीहरूले सुने, तब तिनीहरूले पत्याएनन्।

१२. त्यसपछि दुई चेलाहरू गाउँतिर गइरहेको बेला तिनीहरूकहाँ उहाँ अर्को रूपमा देखा पर्नुभयो।

१३. अनि तिनीहरू फर्केर गई अरूहरूलाई बताए। तर तिनीहरूले उनीहरूलाई पनि विश्वास गरेनन्।

१४. पछिबाट उहाँ एघार चेलाहरूकहाँ तिनीहरू भोजनमा बसेको बेला देखा पर्नुभयो। अनि तिनीहरूको अविश्वास र हृदयका कठोरताको लागि उहाँले तिनीहरूलाई हप्काउनुभयो। किनभने उहाँ मृतकबाट जीवित भई उठ्नुभएपछि उहाँलाई देख्नेहरूका कुरा तिनीहरूले विश्वास गरेका थिएनन्।

१५. अनि उहाँले तिनीहरूलाई भन्नुभयो, सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर।

१६. विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ तर विश्वास नगर्ने दोषी ठहरिनेछ।

## पुनरुत्थानपछिको आशा

THE HOPE BEHIND RESURRECTION!

सम्माननीय प्रधानसम्पादक,
रेभ. एन्जलीन सेल्भाकुमारी



इस्टर भनेको नवीकरण भएको आशाको उत्सव हो- त्यस्तो समय, जब ख्रीष्टको पुनरुत्थानद्वारा निरासा आनन्दमा परिणत भएको छ। तापनि, हाम्रो व्यस्त जीवन र निरन्तरको संघर्षका बीचमा कहिलेकाहीँ आशा अत्यन्तै टाढा भएको अनुभव हुन सक्छ। त्यस्ता क्षणहरू हुन्छन्, जब हाम्रो विश्वास डग्मगाउँछ, हाम्रो दर्शन शंकाको घेरामा हुन्छ र जब हाम्रो काममा परमेश्वरको हात महसुस गर्न हामीले संघर्ष गर्छौं। अनिश्चयताबाट तपाईंले पराजीत भएको कहिल्यै अनुभव गर्नुभएको छ भने निरास नहुनुहोस्- तपाईं एक्लो हुनुहुन्न। लूका २४:१३-३५ मा इम्माउसको बाटोमा भएका दुई चेलाहरूको कथाले यो सत्यतालाई शक्तिशाली रूपमा प्रदर्शन गर्छ। हाम्रो शंकाको क्षणमा पनि येशू हाम्रो साथमा हिँड्नुहुन्छ, हाम्रो विश्वास जागृत गर्न र हाम्रो आशा पुनर्स्थापना गर्न तयार।

### अविश्वासको बोझ:

दुई चेलाहरू धुलाम्मे बाटोमा आफ्ना कदमहरू शोकले भारी बनाउँदै र निरासाले आफ्ना हृदयमा बोझ बोकेर हिँडिरहेको कल्पना गर्नुहोस्। इस्राएललाई छुटकारा गराउने लामो समयदेखि पर्खिएको मसीह उहाँ नै हुनुहुन्छ भनेर विश्वास गर्दै तिनीहरूले आफ्ना सम्पूर्ण

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ।

**५ मिनेटको सन्देश**

अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिन: बिहान २ बजे देखि

तामिल आइतवार सेवा: बिहान ८:३० बजे

★ Please Subscribe and Share ★

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.

EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call

**किनकि यी नै परमेश्वर हाम्रा सदासर्वदाका परमेश्वर हुनुहुन्छ, उहाँ नै अनन्तकालसम्म हाम्रा अगुवा हुनुहुनेछ** (भजनसंग्रह ४८:१४) ।

ख्रीष्टमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा अभिवादन । **परमप्रभु भला हुनुहुन्छ किनकि उहाँको प्रेम सदासर्वदै रहिरहन्छ** (२ इतिहास ७:३) ।

सन् १९६९ मा हाम्रो जन्मदेखि परमेश्वरको विश्वासयोग्यताद्वारा हामी ५५ वर्षको अचम्मको सेवकाइबाट हामी अघि बढिरहेका छौं । हामीसँगै खडा हुनुभएका, हातमा हात राखेर परिश्रम गर्नुभएका हाम्रो व्यवस्थापक सम्पादक र हाम्रो छोरा पास्टर एलेक्स सामसन सामले आफ्नो दौड पूरा गर्नुभएको छ र १३.०२.२०२५ मा परमप्रभुको उपस्थितिमा प्रवेश गर्नुभएको छ । विगत ३० वर्षदेखि उहाँको जीवन र उहाँको मिसनमा उहाँको योगदानको निम्ति हामी परमेश्वरलाई प्रशंसा गर्दछौं । हामी पुन: भेट्नेछौं । हामीलाई तपाईंको प्रार्थनाको आवश्यकता छ ।



*Sister Angeline Selvakumari*

**बोलावटको प्रतिध्वनि सेवकाइहरूको** ५६ औं वार्षिकोत्सव अगस्त ८, ९ र १० तारिखका दिन सान्थोसापुरम स्कुलको मैदानमा आयोजना हुनेछ । यी कार्यक्रमहरूको समयमा विशेष वक्ताहरू आउनुहुनेछ र प्रार्थना र संगतिमा हामीसँग जोडिन हामी तपाईंलाई निम्तो गर्दछौं ।

हामी खुसीसाथ घोषणा गर्दछौं कि हाम्री प्रिय छोरी बहिनी एन्जलिन सेल्भाकुमारी, सम्माननीय प्रधान सम्पादकलाई हाम्रो कार्यालयको नयाँ मुख्य प्रमुख र कार्यकारीको रूपमा अन्य समर्पित सदस्यहरूका साथमा नियुक्त गरिएको छ । हामीले यो मिसनलाई नयाँ उचाइमा लैजाँदै गर्दा प्रार्थनामा तिनलाई उचाल्न र आफ्नो पूर्ण सहयता दिन हाम्रा टोली र सेवकाइका साझेदारहरूलाई आग्रह गर्दछौं ।

## जोशुवा वारियरस् इन्टरनेसनल

विगत तीन वर्षदेखि हाम्रो जोशुवा योद्धा इन्टरनेसनल तल दिइएका सेवकाइहरूमा सक्रिय रूपमा संलग्न भइरहेको छ:

### १. ग्लोबल भिजन फर युथ एण्ड किड केयर:

तपाईंको सम्बन्धित देशरूमा दिनहुँ राति १० बजेको निम्ति समर्पित प्रार्थनाको समय छुट्याइएको छ । हामी तपाईंलाई प्रार्थना गर्न उत्साह दिन्छौं:

***प्रभु, कृपया संसारका सबै युवा, युवती र बालबालिकाहरूलाई सम्झनुहोस् ।***

यी वर्षहरूमा हाम्रा मण्डलीहरूमा जवानहरूका बीचमा परमेश्वर शक्तिशाली रूपमा काम गरिरहनुभएको छ । तपाईं यो प्रार्थनाको टोलीमा जोडिन सक्नुहुन्छ । यसरी तपाईंले हरेक दिन तपाईंले आराधना गरिरहनुभएको स्थानबाट राति १० बजे यो प्रार्थना गर्न सक्नुहुन्छ । परमेश्वरले तपाईंलाई आशिष् देऊन् ।

### २. २४ घण्टे साङ्ले प्रार्थना:

विश्वव्यापी जागृति र मानिसहरूका आवश्यकताको निम्ति भएको बोझको साथमा हामीले हप्तैभरि हरेक दिन निरन्तर साङ्ले प्रार्थना संचालन गरिरहेका छौं । तपाईंलाई मिल्ने समयमा एक घण्टाको लागि दर्ता गरेर तपाईंलाई सहभागी हुन हामी निम्तो गर्दछौं । कृपया, तपाईंको नाम, मोवाइल नम्बर र तपाईंले चाहनुभएको प्रार्थनाको समय हाम्रो कार्यालयमा पठाइदिनुहोस् ।



***Sister Andrea Christmas Henry***

### ३. सेमिनारहरू, क्याम्पहरू र कार्यशाला गोष्ठीहरू:

प्रभु येशू खीष्टको गवाहीको रूपमा संसारभरिका जवान युवायुवतीलाई खडा गर्न साम्प्रदायिक बाधाहरूलाई पन्छाएर अन्तरराष्ट्रिय रूपमा युवायुवती र बालबालिकाको निम्ति विशेष तालिमको सेसनहरू संचालन गरिएका छन् ।

यो विश्वव्यापी प्रार्थनाको सेवकाइमा तपाईंले भाग लिने चाहना गर्नुहुन्छ भने तपाईं नि:शुल्क भर्ना हुन सक्नुहुन्छ र समाचारहरू र गवाहीहरूका साथमा हामी तपाईंलाई निरन्तर अपडेट गर्नेछौं । बहिनी एन्ड्रिया क्रिष्टमस हेनरीले यो सेवकाइको जिम्मेवारी लिनुभएको छ ।

## सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र नहेम्याह बाइबल कलेजहरू



***Rev. Dr. John Rajarathnam***

**सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** निम्ति हामीले सक्षम अगुवाहरू र शिक्षकहरू खोजी गरिरहेका छौं ।

यसका अतिरिक्त, हाम्रो **नहेम्याह बाइबल कलेजहरू** निरन्तर रूपमा प्रभावकारी रूपमा संचालन भइरहेको छ ।

**१) तामिल कक्षाहरू-** भेलाचेरी, चेपकाउ र सान्थोसापुरम ( साँझको कक्षाहरू, हप्तामा तीन दिन- सोमवार, मंगलवार, बिहीवार)

**२) हिन्दी कक्षाहरू-** भेलाचेरी (आवासीय)

कृपया रेभ. डा. जोन राजारथ्नामलाई तपाईंको प्रार्थनामा उचाल्नुहोला किनकि उहाँले सिनियर प्रधानाध्यापकको रूपमा यो पहललाई अगुवाइ गर्नुहुन्छ ।

## स्वीकार तथा कृतज्ञता

हाम्रा सहसम्पादकहरू, अनुवादकहरू, सहायकहरू, कार्यालयका कर्मचारीहरू, डिटिपी कर्मचारी तथा छापाखानाका समर्पित टोलीको निम्ति हामी परमेश्वरलाई धन्यवाद दिन्छौं, जसको अनवरत प्रयासले १६ भाषाहरूमा भएको **बोलावटको प्रतिध्वनिको** मासिक रूपमा प्रकाशन निश्चित गर्दछ । कृपया यी ७५ जनालाई तपाईंको प्रार्थनामा याद राख्नुहोला ।

१०० जनाभन्दा धेरै सेवकहरूले हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा विश्वासपूर्वक सेवा गर्नुहुन्छ- पास्टर, बालसंगतिका शिक्षकहरू, प्रार्थना समूहका अगुवाहरू, जवान अगुवाहरू र घरेलु प्रार्थनाका समूहका संयोजकहरूका रूपमा । यी सेवकाइहरूका निम्ति हामी तपाईंको निरन्तरको प्रार्थना र सहायताको खोजी गर्दछौं ।

परमप्रभुका मानिसहरूद्वारा हरेक आवश्यकता पूरा गर्न हाम्रो प्रभु येशू खीष्टमा हामी विश्वासका साथै भरोसा गर्दै खडा हुन्छौं । हामी मानिसको शक्तिमा भर पर्दैनौं तर परमेश्वरको उपलब्धतामा । यो सेवकाइको निम्ति प्रार्थनामा हामीसँग जोडिन र प्रभुले तपाईंलाई अगुवाइ गर्नुभएअनुसार यसलाई सहायता गर्न हामी तपाईंलाई उत्साह दिन्छौं ।

परमप्रभुले सोहीअनुसारले तपाईंलाई इनाम दिनुभएको होस्, जब उहाँ फर्कनुहुन्छ ।

तपाईंको साथमा अनुग्रह भएको होस् ।

उहाँको सेवामा,

**बोलावटको प्रतिध्वनि सेवकाइ समूह**

E.mail : sam@echoofhiscall.org

## विनम्र अनुरोध: बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगू, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन् । सन्देशहरू हेरेर तपाईंले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ ।

साथै, तपाईंको मोवाइल फोनहरूमा मेरो मोवाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस् ।

**पा. एस. साम सेल्भाराज**

*पृष्ठ १ बाट*

आशा येशूमा राखेका थिए । तर अब, तिनीहरूको मनमा उहाँको क्रूसीकरणको ताजा स्मृतिको साथमा तिनीहरूका सपना भत्किएको थियो । उहाँको पुनरुत्थानको हल्ला फैलन सुरु भए पनि तिनीहरूका शोक र शंकाले तिनीहरूका बुझाइलाई बन्द गरेको थियो । जसै तिनीहरूले यात्रा गरिरहेका थिए, एक जना आगन्तुक तिनीहरूसँग मिसिए- येशू आफैं- तापनि तिनीहरूले उहाँलाई चिनेनन् । जब उहाँले तिनीहरूका कुराकानीको बारेमा सोधपुछ गर्नुभयो, तिनीहरूले आफ्नो शोक र अन्योलता पोखाए । येशूले धैर्यतापूर्वक सुन्नुभयो, त्यसपछि तिनीहरूलाई भद्रताका साथ गाली गर्नुभयो:

**...ए अबूझ मानिस हो, तिमीहरूका हृदय यति सुस्त भएको छ कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ** (लूका २४:२५) ।

उहाँका वचन कठोर थिएनन् तर पवित्रशास्त्रका प्रतिज्ञाहरू पुन:सम्झन विनम्र बोलावट थियो- हरेक अगमवाणी, हरेक ईश्वरीय निश्चयताले

सधैं उहाँतिर देखाइरहेको हुन्छ भन्ने सम्झना ।

हामीले प्रायः कहिले आफैंलाई चेलाहरूको स्थानमा पाएका छौं ? हामीलाई परमेश्वरको प्रतिज्ञा थाहा छ, तापनि जब कठिनाइले हामीमाथि आक्रमण गर्छ, हाम्रो केन्द्रबिन्दु उहाँको सत्यतामाभन्दा हाम्रा समस्याहरूमा केन्द्रित हुन्छ । हाम्रा भावनाहरूले हाम्रो विश्वासलाई ढाक्छ, हामीलाई निरास बनाउँछ । तर परिवर्तन नहुने वास्तविकता उस्तै रहन्छः जब हामीले उहाँलाई चिन्न असफल हुन्छौं, येशू हामीसँग हिँड्नुहुन्छ, हाम्रो जीवनमा आफैंलाई प्रकट गर्न धैर्यताका साथ पर्खनुहुन्छ ।

## येशू, महान् सान्त्वनाकर्ताः

आफ्ना चेलाहरूलाई जान येशूले छाड्नुभएको तरिकाले इम्माउसको विवरणलाई अत्यन्तै बलियो बनाउँछ । येशूले महान् वा विशेष तरिकाको साथमा आफ्नो पहिचान तुरुन्तै प्रकट गर्नुभएन । त्यसको साटो, उहाँ तिनीहरूसँग हिँड्नुभयो, तिनीहरूका शोक सुन्नुभयो र तिनीहरूलाई बुझाइतिर बिस्तारै डोऱ्याउनुभयो । त्यसो गर्दा, हाम्रा संघर्षको बारेमा उहाँको गहन बुझाइ उहाँले प्रदर्शन गर्नुभयो । हाम्रो तोडाइ र शोकको क्षणमा येशूले हामीलाई भेट गर्नुहुन्छ । उहाँले तुरुन्तै विश्वास गर्न माग वा एकै रातमा हाम्रा पीडा गायब भएको अपेक्षा गर्नुहुन्न । त्यसको साटो, उहाँले आफ्नो प्रेमिलो उपस्थिति र उहाँको सात्यताको चङ्गाइको शक्ति प्रदान गर्नुहुन्छ ।

तपाईं हराउनुभएको महसुस गर्नुभएको समयलाई विचार गर्नुहोस्- सायद पीडादायी विछोडपछि, जागिर गुमेपछि वा असम्भव देखिने असफलताहरू हुन सक्छन् । ती क्षणहरूमा, परमेश्वर शान्त हुनुहुन्थ्यो भनेर तपाईंले अचम्म मान्न सक्नुहुन्थ्यो । तापनि, सत्य यही हो कि उहाँ सधैं यहीं हुनुहुन्छ- तपाईंसँगै हिँड्दै, उहाँको वचनद्वारा बोल्दै र तपाईंले उहाँलाई चिन्नुभएको क्षणलाई धैर्यतापूर्वक पर्खंदै । हाम्रा बोझहरू उहाँको उपस्थितिमा ल्याउन येशूले हामीलाई निम्त्याउनुहुन्छ, जसले हाम्रा शोक आशमा परिणत गर्न उहाँलाई अनुमति दिइरहेको हुन्छ । यूहन्ना ११:२५ ले घोषणा गर्दछ, **पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ ।** यो प्रतिज्ञा केवल टाढाको भविष्यको निम्ति मात्रै होइन तर हामीले हरेक दिन सामना गर्ने चुनौतीहरूका निम्ति हो ।

## परमेश्वरको वचनको शक्तिः

जसै चेलाहरूले आफ्नो यात्रालाई जारी राखे, येशूले तिनीहरूका अघि पवित्रशास्त्रका कुराहरू खोल्न सुरु गर्नुभयो । हरेक अगमवाणीले कसरी उहाँलाई प्रकट गरेको थियो- मोशादेखि भजनसंग्रहका लेखकसम्म- उहाँको कष्ट र अनन्त महिमातिरलाई देखाइरहेको थियो । त्यो कुराकानीको गहिराइलाई कल्पना गरौंः हरेक वचन, हरेक अगमवाणी, हरेक भविष्यवाणी अचानक जीवनमा ल्याइएको थियो । अचम्मको कुरा थिएन, चेलाहरूले पछि व्याख्या गरे, **...उहाँ हामीसँग बाटोमा बातचीत गर्नुहुँदा र हामीलाई धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा के हाम्रो हृदय प्रज्वलित भएको थिएन र** (लूका २४:३२) ?

## जीवित वचन र पुनरुत्थानको प्रतिज्ञाः

बाइबल विगतको इतिहासको कुरा होइन, यो जीवित छ, सक्रिय रूपमा डोऱ्याइरहेको छ ( हिब्रू ४:१२), जुन आज हाम्रा हृदयमा निरन्तर बोलिरहेको छ । जब हामी आफैंलाई पवित्रशास्त्रमा डुबाउँछौं, हाम्रो शान्तिलाई धम्याउने शंका र भयलाई शान्त गर्न हामीले परमेश्वरको सत्यतालाइ निम्त्याउँछौं । येशूको उपस्थितिको शारीरिक प्रमाण चेलाहरूलाई आवश्यक थिएन- उहाँको वचनको बुझाइबाट आउने प्रकाश तिनीहरूलाई आवश्यक थियो । अनि जब त्यो प्रकाशले तिनीहरूका निरासालाई चिरेको थियो, तिनीहरूका हृदय नवीकरण भएको आशाले प्रज्वलित भएको थियो ।

रोमी ६:४ लाई विचार गर्नुहोस्, जसले घोषणा गर्दछ, **यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं ।** यो नयाँ जीवन पुनरुत्थान भएको आशाको जगमा निर्माण भएको छ- आशा, जसले अन्धकार क्षणहरूमा पनि हाम्रा आत्मालाई नवीकरण गर्दै हामीलाई भित्रैबाट रूपान्तरण गर्छ ।

## पुनरुत्थानको प्रतिज्ञाः

पुनरुत्थान केवल इस्टरको बिहानीको सेरोफेरोमा रहेको इतिहासको घटना मात्रै होइन, यो हाम्रो विश्वासको कुनेढुङ्गो र पाप र मृत्युमाथि परमेश्वरको शक्तिको अनन्त प्रदर्शन हो । १ कोरिन्थी १५:२०-२२ मा पावलले घोषणा गर्दछन्, **वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ । सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ । किनकि जसरी मानिसबाट मृत्यु आयो, त्यसरी नै मृतकहरूको पुनरुत्थान पनि मानिसबाट नै आयो । किनकि जसरी आदममा सबै मर्दछन्, त्यसरी गरी ख्रीष्टमा सबै जीवित पारिनेछन् ।** मृत्यु सबै कुराको अन्त्य होइन भन्ने यो गहन सत्यताले हामीलाई निश्चिन्त पार्दछ- नता हाम्रा परीक्षाहरू वा असफलताहरू ।

चिहानमाथि येशूको विजय अर्थात् हामी पनि हाम्रा परिस्थितिहरूभन्दा माथि खडा हुन सक्छौं । जब जीवनका कठिनाइहरूले हामीलाई निरास पार्छन्, पुनरुत्थानले सो दृष्टिकोणमा परिवर्तन प्रदान गर्दछः हाम्रो वर्तमान कष्ट अस्थायी हो तर अनन्त जीवनको आशा स्थिर हुन्छ । हाम्रो पीडा हटाउने यो बोलावट होइन तर ख्रीष्टको विजयको चस्माबाट यसलाई हेर्ने निम्तो हो । उहाँमा हामीले सहने शक्ति, आशा गर्ने सामर्थ्य र हामीले देख्न सक्नेभन्दा टाढा भविष्यको प्रतिज्ञा पाउँछौं ।

*....Contd. to page 6*

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From April 19, 2025 To May 18, 2025

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

अप्रिल १९: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र नहेम्याह बाइबल कलेजका** सम्पूर्ण क्रियाकलापहरूमा उहाँको अगुवाइको निम्ति।

अप्रिल २०: योग्य र समर्पित नयाँ कर्मचारी भर्ना भर्न क्षमताको साथमा हाम्रो संस्थालाई आशिष् दिनुभएको निम्ति।

अप्रिल २१: हाम्रा सहसम्पादकहरूका जीवन र परिवारको निम्ति।

अप्रिल २२: हाम्रा मण्डलीहरू, बालसंगति, युवा संगति र अस्पताल आउटरीच कार्यक्रमहरूमा उहाँको निरन्तर आशिष्को निम्ति।

अप्रिल २३: सबै प्रकारका दुष्ट शक्तिबाट हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई जोगाउनुभएको निम्ति।

अप्रिल २४: हाम्रा **बाइबल पत्राचार कोर्स (बाइबलकोर) र ईश्वरशास्त्रीय पत्राचार कोर्सहरूमाथि** उहाँको निगाहको निम्ति।

अप्रिल २५: हाम्रो संस्थाका कर्मचारीहरू र उहाँका परिवारहरूमा हीत र सुरक्षा निश्चित गर्दै आशिष् दिनुभएको निम्ति।

अप्रिल २६: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराजको पाँच मिनेट यूट्यूब सन्देशबाट बाहिर निस्केका शक्तिशाली गवाहीहरूका निम्ति।

अप्रिल २७: आर्थिक वर्ष २०२४-२०२५ को निम्ति उहाँको अगुवाइ र उपलब्धताको निम्ति।

अप्रिल २८: हाम्रो छापाखानामाथि उहाँको प्रशस्त आशिष्को निम्ति, हाम्रो छापाखानामा १६ भाषाहरूमा छापिएर, मिसन क्षेत्रमा वितरण गरिएको।

अप्रिल २९: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरूका साथै उहाँका परिवारहरूमा परमेश्वरको अनुग्रहको निम्ति।

अप्रिल ३०: हाम्रा मण्डलीका सम्पूर्ण क्रियाकलापहरूमा सक्रिय सहभागिता हुन युवाहरूलाई प्रेरणा र सबल बनाउनुभएको निम्ति।

मई १: हाम्रा मिसन कर्मचारीहरूका निरन्तर समर्पणताको निम्ति।

मई २: विश्वव्यापी अनिश्चयता र लडाइँको धम्कीको बीचमा सबै देशहरूका निम्ति ईश्वरीय सुरक्षाको निम्ति।

मई ३: राजनैतिक र धार्मिक विरोध भए पनि संघर्ष गर्दै हाम्रो खीष्टियान सेवकाइहरूका सहने कामको निम्ति।

## ✝ कृपया प्रार्थना गरौं...

मई ४: शैक्षिक सत्र २०२५-२६ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजमा** योग्य विद्यार्थीहरूको भर्नाको निम्ति।

मई ५: शैक्षिक सत्र २०२५-२६ को निम्ति **सेन्ट. पावलस् मेट्रिकुलेसन स्कुलमा** नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति।

मई ६: संसारभरि मण्डलीले आत्मा जित्नको निम्ति र जागृतिको अनुभवको निम्ति।

मई ७: हाम्रो सुसमाचारीय छापाखानाको संचालन र यसको दैनिक संचालनको निम्ति।

मई ८: हाम्रा संस्थाका सम्पूर्ण कर्मचारीहरूका बीचमा एकता र शान्तिको निम्ति।

मई ९: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारहरूमाथि परमेश्वरको आशिष्को निम्ति।

मई १०: हाम्रा सेवकाइहरूका आर्थिक आवश्यकतामा परमेश्वरको उपलब्धताको निम्ति।

मई ११: सेवकाइहरू र मिसनरीहरूका विरुद्धमा सतावटको अन्त्यको निम्ति।

मई १२: आफ्नो परिवारको साथमा रहनुभएको उत्तर भारतका परमेश्वरका सेवक तथा मिसनरीहरूको स्वास्थ्य र शक्तिको निम्ति।

मई १३: संसारलाई प्रभाव पारिरहेको विषम मौसमका विरुद्ध ईश्वरीय सुरक्षाको निम्ति।

मई १४: आफ्ना सन्तानलाई नि:स्वार्थ पोषण गर्ने र हुर्काउने आमाहरूका निम्ति।

मई १५: अस्पतालमा लामो बसाइँ भएका र दीर्घकालीन रोग भएका विश्वव्यापी बिरामीहरूका निम्ति।

मई १६: पृथ्वीमा उहाँको राज्य बिस्तार गर्न ताजा दर्शन र अगुवाइको निम्ति।

मई १७: सुसमाचार नपुगेका क्षेत्रहरूमा सुसमाचार बाँड्न निडरता र अवसरहरूका निम्ति।

मई १८: विभिन्न क्षमताहरूमा हाम्रा सेवकाइहरूको वृद्धि र फैलावटको निम्ति।

पृष्ठ ४ बाट

## परीक्षाहरूका बीचमा आशा:

पुनरुत्थानको आशाको प्रकाशमा जिउनुको अर्थ जीवन चुनौतिहरूबाट स्वतन्त्र हुनेछ भन्ने होइन । रोमी ८:१८ मा प्रेरित पावलले हामीलाई सम्झना दिलाउँछन्, **म विचार गर्दछु कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन् ।** हामी परीक्षहरू जतिसुकै पीडादायी भए पनि हामीलाई प्रतिज्ञा गरिएको अनन्त महिमाको प्रकाशमा ती अस्थायी हुन् ।

वास्तवमा, हाम्रो संघर्षहरू माटोझैं हुन सक्छ, जसमा हाम्रो विश्वासले जरा गाड्छ र हुर्कन्छ । याकूब १:२-४ ले हामीलाई उत्साह दिन्छ, **तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ । किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ ।** जब हामीले पुनरुत्थानको आशाको निश्चयताको साथमा कठिनाइको सामना गर्छौं, हामीले आफैंभित्र हामीमा कहिल्यै पनि अस्तित्वमा नभएको शक्ति हामीले पहिचान गर्छौं ।

## पुनर्स्थापित भएको आशाको वास्तविक जीवन कथा:

ठूलो नोक्सानीको बीचमा पनि नवीकरण भएको आशा पाउने व्यक्तिहरूको विवरणले इतिहास भरिएको छ । यस्तै एउटा कथा होराटियो स्पाफ्फोर्डको छ, अकल्पनीय शोक सहेको मानिस । सन् १८७३ मा उसले आफ्नो चार जना छोरीहरू जहाज दुर्घटनामा गुमाए । उसको शोकको गहिराइ अवर्णनीय थियो । तापनि आफ्नो निरासामा पनि खीष्टमा उसको भएको आशामा ऊ टाँसिएको थियो ।

जब उसले आफ्नो शोकले भरिएकी पत्नीलाई भेट्न यात्रा गरे, स्पाफ्फोर्ड आफ्नी छोरीहरू डुबेको स्थानबाट भएर गुज्रिए । आफ्नो निरासाको बीचमा उसले प्रेमिलो भजन गाए, मेरो आत्माको साथमा असल छ ।

ठूलो नोक्सानीमा स्पाफ्फोर्डको प्रतिक्रियाले इम्माउसको बाटोमा भएका चेलाहरूको यात्रालाई प्रतिबिम्बित गर्छ । उसको हृदय छियाछिया भए पनि उसको विश्वास अटल रहेको थियो । कष्ट अनिवार्य रूपमा छ, निरासा अन्तिम शब्द होइन भनेर उसले बुझेको थियो । जसरी चेलाहरूले येशूलाई रोटी भाँच्ने बेलामा चिनेका थिए, स्पाफ्फोर्डले शान्ति र पुनर्स्थापनाको अनुभव गरेका थिए, जुन जीवित हुनुभएका खीष्टको उपस्थितिबाट आउँछ- उसको अन्धकारमय क्षणमा पनि ।

## उहाँको विजयको ज्योतिमा जिउने:

पुनरुत्थान मृत्युमाथि विजयभन्दा पनि धेरै हो- योचाहिँ हाम्रै जीवनलाई पुन:दाबी गर्ने निम्तो हो । रोमी ८:३७ ले घोषणा गर्दछ, **...यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढी छौं ।** योचाहिँ पुनरुत्थानको आशाको रूपान्तरण गर्ने शक्ति हो । हामी आफ्ना संघर्षहरूबाट परिभाषित छैनौं तर खीष्टको प्रेम र विजयले छौं भन्ने कुरा हामीलाई सम्झना दिलाउँदै यसले हामीलाई जीवनका चुनौतीहरूको सामना गर्न बलियो बनाउँछ ।

यस प्रकाशमा जिउनको लागि हामीले हरेक परीक्षाको उद्देश्य हुन्छ र हरेक निरासा हटाइन सक्छ भन्ने कुरामा भरोसा गर्नुपर्छ । यसले हामीलाई साहसमा हिँड्न, अनुग्रह फैलाउन र सत्यता अंगाल्न बोलाउँछ, जुन त्यही शक्ति हो, जसले हामीभित्र बास गर्नुहुने येशूलाई मृतकबाट जीवित पारेको थियो । यसको अर्थ हाम्रो जीवनलाई जीवित गवाही हुन अनुमति दिने हो, जुन आशा- जस्तोसुकै संवेदनशील भए पनि- पुनर्स्थापित हुन सक्छ र नवीकरण हुन सक्छ ।

## नवीकरण गरिएको आशामा बोलावट:

इम्माउसको कथा ऐतिहासिक विवरणभन्दा पनि धेरै छ- यो हामी हरेकको निम्ति व्यक्तिगत निम्तो हो । शंका र निरासाको क्षणमा पनि येशू हाम्रो साथमा हिँड्नुहुन्छ भनेर यसले हामीलाई सम्झना दिलाउँछ । क्रूस अन्त्य होइन र नता हाम्रा वर्तमान संघर्षहरू अन्त्य हुन् भनेर उहाँको उपस्थितिले हामीलाई निश्चयता दिलाउँछ ।

### त्यसैले म तपाईंलाई सोध्छु:

आज तपाईंले कस्ता बोझहरू बोकिरहनुभएको छ ? तपाईंका चुनौतीहरूमा तपाईंसँगै हिँड्न के तपाईंले येशूलाई निम्त्याउनुभएको छ ?


नहेम्याह सांझको बाइबल कलेज

योग्यता: दश कक्षा र सोभन्दा माथि

चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ

भर्नाको लागि छिटो गर्नुहोस् ।

माध्यम: तामिल (Part Time)

ईश्वरशास्त्रमा डिप्लोमा

Hindi (Residential) (Sponsorship Available)

ECHO OF HIS CALL 1968-2018 GOLDEN JUBILEE REACHING NATIONS

विगत ५५ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको

Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

के तपाईंले आफ्नो विश्वासलाई आकार दिन आफ्ना भावनाहरूलाई अनुमति दिइरहनुभएको छ वा के तपाईं परमेश्वरको वचनको अपरिवर्तनशील सत्यतामा स्थिर भएर खडा भइरहनुभएको छ ?

यो इस्टरमा, के तपाईं शंकाबाट विश्वासतिर, निराशाबाट आशातिर जाने छनोट गर्नुहुनेछ ?

ज्योति हेर्न तपाईंले संघर्ष गरिरहनुभएको छ भने अहिले नै प्रार्थना गर्न समय लिनुहोस्। तपाईंको कठिनाइमा येशूलाई निम्त्याउनुहोस्, जसरी उहाँ चेलाहरूका साथमा हिँड्नुभयो। आफ्नो बाइबल खोल्नुहोस् र यूहन्ना ११:२५-२६ र १ कोरिन्थी १५:२०-२२ जस्ता खण्डहरूमा मनन गर्नुहोस्। उहाँ नै पुनरुत्थान र जीवन हुनुहुन्छ भनेर यी वचनहरूले तपाईंलाई निश्चिन्त बनाएको होस्। तपाईंको शोक जति नै गहन भए पनि उहाँको आनन्द सदा उपस्थित छ र उहाँको प्रेमको अन्त्य छैन।

## पुनरुत्थानबाट रूपान्तरण भएको जीवन अङ्गाल्ने

पुनरुत्थानको आशासँग जिउनु भविष्यको प्रतिज्ञामा विश्वास मात्रै गर्नुभन्दा धेरै हुन्छ- योचाहिँ तपाईंको दैनिक जीवनलाई आकार दिन र रूपान्तरण गर्न आशालाई अनुमति दिने बारेमा हो। यसको अर्थ तपाईंको अगाडिको मार्ग अस्पष्ट भए पनि विश्वासमा बाहिर निस्कनु हो, गहिरो चोट भए पनि क्षमा दिन छनोट गर्ने र असम्भव भएको महसुस भए पनि प्रेम गर्ने। रोमी १२:२ मा पावलले हामीलाई सम्झना दिलाउँछन्, **यस संसारको ढाँचामा नचल तर आफ्नो मनमा नयाँ भई पूर्णरूपले परिवर्तित होओ।** येशूलाई मृतकबाट जीवित पार्ने सोही शक्ति हामीभित्र काम गर्दछ भनेर जब हामीले पहिचान गर्छौं, यो नवीकरण सुरु हुन्छ- हाम्रा हृदय परिवर्तन गर्दै, हाम्रा आत्मालाई बलियो बनाउँदै र जीवनमा हाम्रो दृष्टिकोण पुनर्परिभाषित गर्दै।

हरेक कठिनाइ अस्थायी हो, हरेक बाधा वृद्धिको निम्ति अवसर हो र हरेक आँसु अनन्त आनन्दतर्फ अघि बढ्ने कुनेढुङ्गो हो भनेर तपाईंले साँचो रूपमा विश्वास गर्नुहुन्छ भने तपाईंले कसरी फरक प्रकारले चुनौतीहरूको सामना गर्नुहुनेछ भनेर कल्पना गर्नुहोस्। यही नै पुनरुत्थानको आशाको शक्ति हो- यसले हामीलाई साहसले भर्दछ, जुन ख्रीष्टलाई चिनेपछि मात्रै आउन सक्छ।

## पुनरुत्थानको आशा अंगाल्ने व्यावहारिक कदमहरू

जसै हामीले इस्टर र नयाँ जीवनको प्रतिज्ञामा रमाउँछौं, तपाईंको दैनिक हिँडाइमा पुनरुत्थानको आशा निर्माण गर्न यहाँ केही तरिकाहरू छन्:

### १. आफैंलाई पवित्रशास्त्रमा डुबाउनुहोस्:

हरेक दिन परमेश्वरको वचन पढ्न र मनन गर्न समर्पित समय छुट्याउनुहोस्। रोमी ६:४, यूहन्ना ११:२५-२६ र १ पत्रुस १:३ जस्ता पदहरूले उहाँका प्रतिज्ञामा तपाईंको आत्मालाई आड दिएको होस्।

### २. प्रार्थना गर्न समर्पित:

परमेश्वरसँग इमानदार, हृदयले महसुस गर्ने कुराकानीमा संलग्न हुनुहोस्। आफ्ना बोझहरू उहाँको अघि राख्नुहोस् र तपाईं कहिल्यै एक्लो हुनुहुन्न भनेर तपाईंलाई निश्चयता दिलाउने उहाँको आवाज सुन्नुहोस्।

### ३. विश्वासीहरूको समुदायमा सहभागी हुनुहोस्:

तपाईंको विश्वास र आशा बाँड्नेहरूसँग आफैंलाई राख्नुहोस्। संगतिमा तपाईंको आत्मा

....Contd. to page 9

## VERY URGENT NOTICE!




There may be some unavoidable difficulty in dispatching **Echo of His Call** by post in the very near future. Therefore, if you are really interested to receive **Echo of His Call** continuously, please send us your names, addresses, E.mail addresses and WhatsApp numbers through letters, E.mails, phone calls, WhatsApp or SMS messages immediately.

Please help us to serve you continuously.

**Our address:**

**ECHO OF HIS CALL,**
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai-600 005, India
Cell: (+91) 98412 71858 / 98410 71858
E.mail: sam@echoofhiscall.org

## URGENT NEED

**Teachers for**

**ST. PAUL'S MATRICULATION SCHOOL,**

**An *Echo of His Call* Institution**

**Vijayanagaram, Medavakkam, Chennai - 100.**

We need well qualified, experienced, dedicated, hard working and mission oriented Christians.

Apply with Bio-data to
E.mail: sam@echoofhiscall.org
WhatsApp: (+91) 98412 71858

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।**

**उहाँले मरुभूमिलाई तालहरूमा र सुख्खा जमिनलाई बग्ने खोलाहरूमा परिवर्तन गरिदिनुभयो** (भजनसंग्रह १०७:३५)।

सन् १९८९ मा हामी भाडाको घरमा बसोबास गर्थ्यौं र त्यहाँ नै हाम्रो मण्डलीका सेवाहरू संचालन गर्थ्यौं। यसका अतिरिक्त, हाम्रो प्रार्थना र परामर्श केन्द्र सी.एन.के. रोडमा भएको भाडाको भवनबाट संचालन हुन्थ्यो। तापनि, दुवै घरमालिकले अनपेक्षित रूपमा तिनीहरूका भवन तुरुन्तै खाली गर्न हामीलाई आदेश दिनुभयो।

त्यो समयमा मेरी पत्नी र म सरकारी अधिकारी थियौं। हाम्रो स्थिर रोजगारीका बावजूद पनि हामीलाई पर्याप्त आर्थिक स्रोतहरू र मानवीय सहायताको कमी थियो किनकि हाम्रो आम्दानीको अधिकाङ्श भाग प्रभुको विभिन्न सेवकाइहरूमा समर्पित थियो। हाम्रो घर, मण्डली र **बोलावटको प्रतिध्वनिको कार्यालय** अर्को भवनमा सार्न हामीसँग रकम थिएन। यसका अतिरिक्त, हाम्रो पक्षमा घरमालिकसँग बिन्ती गरिदिने कोही पनि थिएन। यो कठिन अवस्थामा हाम्रा दुई साना छोराछोरी पनि हामीसँगै दुःख पाएका थिए।

एक बिहानी समाधानको खोजीमा म चेपकाउको सडकमा हाम्रो घर, मण्डली र कार्यालयको निम्ति नयाँ स्थानको खोजी गर्नमा करिब दुई घण्टा भौतारिएँ। हरेक कदममा परमेश्वरको उपलब्धतामा भरोसा गर्दै मैले उहाँको प्रशंसा गरें।

बाटोमा, मैले दुई घरका दलालहरूसँग भेटें र हाम्रो आकस्मिक आवश्यकताको बारेमा व्याख्या गरें। तिनीहरूले खुल्ला रूपमा प्रतिक्रिया दिए:

यो क्षेत्रमा तपाईंलाई कसैले पनि भाडामा दिनेछैनन्। तपाईंहरू ठूलो सोरमा प्रार्थना गर्नुहुन्छ, हाल्लेलूयाह भन्दै कराउनुहुन्छ र रातको समयमा संगीतका वाद्यवादनको साथमा गीत गाउनुहुन्छ। यसकारणले गर्दा हाम्रा देवता र देवीहरू क्रोधित बनेका छन् र तिनीहरूका शक्ति कमजोर भएका छन्। परिणामस्वरूप, हामी सताइन्छौं।

निरास नभई मेरो धैर्यता र आशामा भर पर्दै म निरन्तर हिँड्दै गएँ। त्यसपछि, मैले रोमन क्याथोलिक भाइलाई भेटें र मेरो चिन्ता उहाँसँग बताएँ। उहाँले सुन्नुभयो र भन्नुभयो,

भाइ, एउटा पुरानो घर भाडामा उपलब्ध छ। तापनि कोही पनि त्यहाँ बस्ने चाहना गर्दैनन् किनभने त्यहाँ तर्साउँछ भनेर तिनीहरूले विश्वास गर्छन्। भाडामा बस्ने अघिल्लो मानिसले त्यहाँ आत्महत्या गरेको थियो र दुष्ट आत्माहरू त्यहाँ बास गर्छन् भनेर मानिसहरू डराउँछन्। तर तपाईं पवित्र आत्माले भरिनुभएको र यस्तो आत्मालाई निकाल्ने शक्ति भएको हुनुभएकोले तपाईंले त्यो घर कम रकममा लिन सक्नुहुन्छ।

उहाँको वचनले ममा आनन्द र आशाको भाव ल्याएको थियो। तापनि, त्यहाँ एउटा मुख्य बाधा थियो- भाडाको निम्ति बैनाको रूपमा तिर्न मसँग पचास रुपैयाँ पनि थिएन।

म घर फर्कें, घुँडा टेकें र हाम्रो स्वर्गीय पितालाई निरन्तर प्रार्थना गरें। परमेश्वरले अचम्मको तरिकामा ठूलो आश्चर्यकर्म प्रदर्शन गर्नुभयो।

भोलिपल्ट मैले दैनिक अखबारमा विज्ञापन देखें, जुन यस्तो थियो:

सरकारसँगको सम्बन्धनमा **हाउजिङ डेभेलपमेन्ट फाइनान्स कर्पोरेसनले** आफ्नै घर खरिद गर्नको निम्ति स्थायी सरकारी कर्मचारीहरूलाई अग्रीम भुक्तानी योजनाको ल्याएको छ। पहिलो आउनेलाई पहिलो सेवाको आधारमा सहायता प्रदान गरिनेछ।

हिचकिचाहटबिना, म आफ्नो कार्यालयमा गएँ र तुरुन्तै निवेदन दिएँ। सामान्यतया: यस्तो अग्रीम रकम प्रदान गर्न करिब पाँच वर्ष लाग्छ। तापनि परमेश्वरको अनुग्रहद्वारा मैले आवश्यकक रकम छोटो समयावधीमा नै प्राप्त गरें। मैले रकम प्राप्त गरेको छोटो समयमा नै यो कार्यक्रम फिर्ता लिइएको थियो।

त्यो रकमको साथमा हामीले पुरानो घरको साथमा सानो टुक्रा जमीन खरिद गऱ्यौं, जुन हाम्रो नयाँ आवास बनेको थियो। हामीले त्यो भवनमा हाम्रो घर, मण्डली र कार्यालय साऱ्यौं। हाम्रैं भयको विपरीत, हामीले कुनै प्रकारको दुष्टको उपस्थितिको चिन्हको सामना गरेनौं। परमेश्वरले अचम्मको तरिकामा हामीलाई प्रदान गर्नुभएको थियो- हाम्रो मण्डली भूइँ तल्लामा स्थापना गरिएको थियो, हाम्रो आवास पहिलो तल्लामा थियो र हाम्रो कार्यालय दोस्रो तल्लामा थियो।

केही वर्षपछि, परमेश्वरले हामीलाई पुरानो भवन भत्काउन र नयाँ निर्माण गर्न सक्षम बनाउनुभयो। आज हाम्रो छापाखाना, मण्डली, कार्यालय, र आवास यो नयाँ ढाँचाभित्र रहेको छ।

जब म सन् १९९४ मा सरकारी सेवाबाट निवृत्त भए, बिना अन्य ऋण सम्पूर्ण रकम तिर्न परमेश्वरले मलाई सहायता गर्नुभयो। अब, म परमप्रभुको सेवा आनन्दसाथ गर्दछु।

**पारख गरेर हेर, परमप्रभु कस्तो भलो हुनुहुन्छ** (भजनसंग्रह ३४:८)।

************

....Contd. from page 7

बलियो हुन्छ र जसै तपाईंको जीवनमा परमेश्वरको रूपान्तरण गर्ने कार्यको गवाहीहरू आदानप्रदान गर्नुहुन्छ, तपाईं विश्वास गहन हुन्छ ।

## ४. तपाईंको विश्वासमा जिउनुहोस्:

पुनरुत्थानको आशाले तपाईंको दैनिक क्रियाकलापहरूलाई आकार दिएको होस् । क्षमा दिँदा, आवश्यकतामा परेका कसैलाई दया देखाउँदा वा अनिश्चयता भए पनि विश्वासमा कदम उठाउँदा होस्, तपाईंको जीवन ख्रीष्टको छुटकारात्मक शक्तिमा गवाही भएको होस् ।

## अन्तिम उत्साह:

यो इस्टरमा तपाईंले ठूलो रूपान्तरणको अनुभव गर्न सक्नुहुन्छ- शोकबाट आनन्द, शंकाबाट स्थिर विश्वास र निरासाबाट कहिल्यै असफल नहुने आशा । येशूको पुनरुत्थान केवल ऐतिहासिक घटना होइन, यो हाम्रो विश्वासको जग हो, रात जतिसुकै अँध्यारो भए पनि उहाँको ज्योतिको बिहानी सदासर्वदा चम्कनेछ भन्ने घोषणा ।

जसै तपाईंले मननको यो समय छोड्नुहुन्छ, तपाईंको यात्राको हरेक कदममा तपाईंसँगै येशू हिँड्नुहुन्छ भन्ने निश्चयता तपाईंसँगै बोक्नुहोस् । तपाईंका बोझ बिसाउन र उहाँको प्रेम र विजयबाट नवीकरण भएको जीवन अंगाल्न उहाँले तपाईंलाई बोलाउनुहुन्छ । उहाँद्वारा तपाईं विजेताभन्दा अझ बढी हुनुहुन्छ भनेर जानेर तपाईंको हृदय उहाँको वचनको शक्तिमा खुल्ला भइरहेको होस् ।

२ कोरिन्थी ५:१७ का वचन तपाईंसँगै प्रतिध्वनि भएको होस्:

**यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो, पुरानो बितिगएको छ, हेर नयाँ आएको छ ।**

इस्टरले प्रदान गर्ने यो नयाँ जीवन अंगाल्नुहोस् । पुनरुत्थानको आशाले तपाईंको विचार प्रज्वलित, तपाईंका कार्यहरूलाई प्रेरित र ख्रीष्टले मात्रै प्रदान गर्न सक्ने नहल्लिने आनन्दको साथमा तपाईंका दिनहरू भर्नुभएको होस् ।

जीवनको समयमा तपाईं जुन अवस्थामा भए पनि येशू नजिकै हुनुहुन्छ भनेर जान्नुहोस् । आफ्नो हृदय खोल्नुहोस्, उहाँको प्रतिज्ञाहरूमा भरोसा गर्नुहोस् र उहाँले तपाईंको निम्ति तयार गर्नुभएको नयाँ जीवनमा निडरताका साथ कदम लिनुहोस् । पुनरुत्थानको शक्तिमा रहेर आशाको यो सन्देश तपाईंको अन्धकारमय क्षणमा ज्योतिको झिल्का भएको होस् ।

आमेन ।

***********

# प्रशंसा



Pr. Alex Samson Sam

मेरो प्रिय मित्र, पास्टर साम सेल्भाराजको छोरा पास्टर एलेक्स सामसन साम फेब्रुअरी १३, २०२५ मा परमेश्वरको राज्यमा प्रवेश गर्नुभएको थियो । उहाँ हामी बीचमा नहुनुभए पनि उहाँको विरासत हाम्रो हृदयमा रहिरहेको छ ।

भाइ साम सेल्भाराज, उहाँको परिवार र **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** सम्पूर्ण कर्मचारीहरूमा हामी गहिरो श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

पास्टर एलेक्स सामसन दयालु, आदरणीय र बलियो मानिस हुनुहुन्थ्यो । उहाँको न्यानो र नडगमगिने विश्वासले असंख्य युवाहरूलाई **बोलावटको प्रतिध्वनि सेवकाइहरूमा** तानेको थियो र उहाँको प्रभावको गवाहीको रूपमा **जोशुवा वारियरस् इन्टरनेसनल** खडा भएको छ ।

आफ्नो ईश्वरीय बोलावटलाई पूर्ण हृदयले अङ्गाल्नुभएर उहाँले आफ्ना ४१ वर्षे जीवनको करिब ३० वर्ष पास्टरको रूपमा प्रभुलाई सेवा गरिरहन समर्पित गर्नुभयो, उहाँले कहिल्यै संसारका विलाशी कुराको खोजी गर्नुभएन । उहाँले आफ्नो सेवकाइ बलिदानात्मक हृदयको साथमा पूरा गर्नुभयो, बिना कुनै गुनासो शारीरिक कष्ट सहनुभयो ।

उहाँले जीवन र मृत्युको साँचो सत्यता बुझ्नुभएको थियो:

***मृत्युलाई बुझेको मानिस विजेता बन्दछ ।***
***साँचो विचारलाई डर भन्ने थाहा हुँदैन ।***
***विश्वासमा हिँड्नेहरूका निम्ति मृत्युले शासन गर्दैन***

जबकि धेरै जना जीवनका फलमा आनन्द गर्न जन्मन्छन्, पास्टर एलेक्सले भक्ति र आत्म-इन्कारको मार्ग छनोट गर्नुभएको थियो । उहाँको निरन्तरको विश्वासको कारण, परमेश्वरले उहाँलाई प्रशस्त आशिष् दिनुहुनेछ र आफ्नो पक्षमा स्थान प्रदान गर्नुहुनेछ- पृथ्वी र स्वर्गमा ईश्वरीय न्यायको गवाही ।



P. Sivaprakasam



C. Muthu

उहाँको स्मृतिलाई शोकले होइन तर स्थिर हृदयले सम्मान गरौं । हामीले उहाँलाई दिन सक्ने सबैभन्दा ठूलो आदरचाहिँ निरन्तरताको समर्पणताको साथमा **बोलावटको प्रतिध्वनिको** मिसनलाई निरन्तरता दिनु हो ।

गहिरो प्रार्थनाको साथमा,
पी. शीभप्रकासाम र सी. मुथु र परिवार
(पा. एस. साम सेल्भाराजको घनिष्ठ साथीहरू)

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
*Please subscribe*

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks.
**- Editor**

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :
**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS Patrika Channel"**
**on 16th APRIL 2025.**
**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**